CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

# CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com

Phone no : + 977 4312515

# आर्थिक वर्ष २०७९ /०८० को दोश्रो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित
अनुसूची-१४

**चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०७९/८० को दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :**

**१. वित्तीय विवरण :-**

कम्पनीको हिसाब किताबको लेखांकन अनुसार आर्थिक वर्ष २०७९/०८० (२०२२/२०२३) को कात्तिक १, २०७९ देखि पुस ३०, २०७९ (अक्टोवर १८, २०२२ देखि जनवरी १४, २०२३) सम्मको अवधिको आर्थिक विवरण प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०७९/०८० को दोश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण:-
आर्थिक बर्ष २०७९/०८० अर्न्तगत कम्पनीको पुस ३०, २०७९ सम्मको दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरणहरु अनुसूचि १ मा प्रस्तुत गरिएको छ ।
दोश्रो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) आर्थिक वर्ष २०७९/०८० को दोश्रो त्रैमासिक अवधि पुस ३०, २०७९ मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :-

| विवरण | यस आ.व.को दोश्रो त्रैमासिक अवधि (पुस ३०, २०७९ को अन्त्यमा) | यस आ.व.को पहिलो त्रैमासिक अवधि (आश्विन ३१, २०७९ को अन्त्यमा) | गत आ.व.को दोश्रो त्रैमासिक अवधि (पुस ३०, २०७८ को अन्त्यमा) |
|---|---|---|---|
| ऋण पूँजीको अनुपात | १.९४ | २.०३ | २.१६ |
| शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल | ०.०४ | ०.०१ | (०.०१) |
| प्रति शेयर आम्दानी (रु) | ३.३६ | ०.८५ | (०.३८) |
| प्रति शेयर नेटवर्थ (रु) | ७७.६४ | ७५.१४ | ७२.७२ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु) | २३७.९५ | २३३.७४ | २३६.५८ |
| प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु) | १३०४ | ९५३ | १४६४ |
| प्राईस अर्निङ रेसियो (टाईम्स ) | ३८८.५४ | १,११५.३७ | (३८६७.७०) |
| चालु अनुपात | ३.०३ | २.६० | २.४८ |

**२. व्यवस्थापकीय विश्लेषण :-**

(क) वर्ष २०७९/०८० को दोश्रो त्रैमासिक समीक्षा अवधिमा आन्तरिक पर्यटकहरुको भ्रमणमा वृद्धिका कारण कम्पनिको आर्थिक कियाकलाप अघिल्लो त्रैमासिक समिक्षा भन्दा तुलनात्मक रुपमा सकरात्मक रहेको छ। यस अवधीको शुरुवाती दिनहरु देखि नै आर्थिक क्रियाकलापहरु कमश सुधार हुँदै जाँदा कम्पनीको व्यापार व्यवसायमा थप बृद्धि भएको छ ।

(ख) यसका साथ साथै यस समिक्षा अवधीमा नेपाल भ्रमण गर्ने तथा नेपालमा कार्यक्रमहरु गर्ने विदेशी पर्यटकहरुको संख्यामा समेत सुधार भएको छ र यसको फलस्वरुप चन्द्रागिरि भ्रमणमा विषेश गरि सार्क मुलुकका पर्यटकहरुको गतिविधिमा बृद्धि भएको छ ।

(ग) कम्पनीको व्यवस्थापन तथा संचालन नेतृत्वको रणनीतिक व्यवस्थापन, प्रतिकूल अवस्थामा समेत आफ्नो कार्यकुशलता प्रर्दशन गर्ने व्यवस्थापकीय निपूणता, व्यवसायिक दक्षता तथा क्षमता, कर्मचारीहरुको सहयोग र बजारिकरणमा सकियताका कारण यस अवधिमा घुम्न आउने पर्यटकहरुको आगमनको संख्या अघिल्लो अवधिको तुलनामा वढी संख्यामा आएकाले कम्पनीको यस अवधिको आयमा थप बृद्धि भएको छ ।

(घ) यस चन्द्रागिरि हिल्स लि.मा आर्थिक वर्ष २०७९/०८० को दोश्रो समिक्षा अवधिको अन्त्य अर्थात पुस मसान्त २०७९ सम्मको वित्तय विवरणहरु अघिल्लो आर्थिक वर्षको सोही अवधि सम्मको तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आयमा करिव २९३ प्रतिशतले आर्थिक वृद्धि भएको छ ।

(ङ) सहवित्तियकरण कर्जा एवम् चालु पूँजीको साँवा ब्याज तोकिएको समयमा भुक्तानी गरिदै आएको छ ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :-**

(क) आर्थिक वर्ष २०७९/०८० को दोश्रो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०७९/०८० को दोश्रो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७९/०८० को दोश्रो त्रैमासिक अवधि सम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-**

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७९/०८० को दोश्रो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :-

| | शेयर कारोबार-मुल्य (रु) | | | कुल शेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| दोश्रो त्रैमासिक (२०७९ पुस ३० (तदनुसार जनवरी १४, २०२३ सम्म) | १४०५.७० | ९५५.०० | १३०४.०० | ५२ | ३९८१ | १९५,०८० |

**५. समस्या तथा चुनौती :-**

**(क) समस्या तथा चुनौतीहरु :**

**(अ) आन्तरिक**

१. यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**(आ) वाह्य**

१. यस समिक्षा अवधि सम्ममा पनि रुस र यूक्रेन बीचको युद्ध केही मत्थर देखिएता पनि यसबाट अन्तराष्ट्रियस्तरमा देखा परेको आर्थिक मन्दीको प्रभाव नेपालमा पनि परेको ।
२. पर्यटकिय पूर्वाधारको विकासको सुस्त गतिमा भएको कारण आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा विस्तार हुन नसक्नु ।
३. अस्थिर राष्ट्रिय नीतिनियमका कारण पर्या-पर्यटकीय क्षेत्रमा पर्ने प्रभाव ।
४. विश्वव्यापी रुपमा भएको मूल्य बृद्धी र सो ले नेपालमा पारेको प्रभाव, देशको आर्थिक र राजनैतिक अवस्था र विभिन्न यात्र निर्देशनबाट पर्ने प्रभाव ।
५. विद्युत, इन्धन तथा खाद्य पदार्थमा हुने अप्रत्याशित मूल्य बृद्धि, उपभोग्य पदार्थको मुल्यवृद्धि र श्रम समस्याबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
६. आकास्मिक रुपमा आईपर्ने असहज परिस्थिति, सरकारको आर्थिक नीतिमा हुने परिवर्तन ।
७. विदेशी विनियम दरमा आउने अप्रत्याशित परिवर्तन ।

**(ख) रणनीति :**

क) कम्पनीप्रति आम जनमानसबाट प्राप्त सकारात्मक सोच तथा कम्पनीको व्यवस्थापनको कार्यकुशलता तथा समय सापेक्ष रणनीतिको परिणामस्वरुप भ्रमणमा आउने पर्यटकहरुको कमिक बृद्धि एवं रिर्सोटमा बास बस्न तथा कार्यकम संचालन गर्न आउनेहरुको संख्यामा उल्लेख्य बृद्धि भएको छ ।

ख) कम्पनीको व्यवसायिक गतिविधिमा बृद्धि गर्न विभिन्न समस्या तथा चुनौती सामाना गर्नुपरेको वर्तमान अवस्थामा पनि कम्पनिले संचालन गरेका विभिन्न पर्यटकिय गतिविधि तथा रिर्सोटमा बस्न आउने पाहुनाहरुलाई प्रदान गरिने गुणस्तरीय सेवा तथा अपनाउनुपर्ने सुरक्षा मापदण्डमा स्तरोन्नति, भौतिक पूर्वाधारको स्तर बृद्धि गर्ने तथा व्यवसायिक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग हुदै आएको छ ।

ग) कम्पनीका सबै संयन्त्रहरुको समुचित सदुपयोग गरि कम्पनीको संचालन न्युनतम खर्चमा गर्ने, कम्पनीको संचालन खर्चमा मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरुलाई कटौती गरी कम्पनीलाई अनुकूल वातावरण बनाई आम्दानीमा बृद्धि हुने गरी बजार व्यावस्थापन गर्ने तर्फ उच्च प्राथमिकता दिइनेछ ।

घ) कम्पनीबाट चन्द्रागिरिमा पर्यटकहरुको भ्रमणलाई थप आकर्षण तथा प्रोहत्सान गर्नका लागि विषेश प्रकारको सदस्यता कार्यकम तथा कम्पनीका शेयरधनीहरुको सुविधाका लागि विषेश छुट सहितको नयाँ योजना, निकट भविष्यमा नै लागु गर्ने रणनीति लिएको छ ।

**६. संस्थागत सुशासन :-**

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्धारा चालिएका कदम संम्बन्धी विवरण:

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षणको लागि लेखापरीक्षक छनौट गरि लेखापरीक्षण गराउने गर्दछ , लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरि कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन समेत दिने गरेको छ ।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ ,आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गरी सो माथी विस्तृत छलफल हुने गरेको ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य,तथ्य,र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

## अनुसुची १

## Chandragiri Hills Limited

Kathmandu, Nepal

**STATEMENT OF UNAUDITED FINANCIAL RESULTS**
**As on Poush 30, 2079 BS (14th Jan 2023)**

| Particulars | Upto this Quarter ending on Poush 30 2079 BS (14th Jan 2023) (Unaudited) | Upto previous Quarter ending on Ashwin 31 2079 BS (17th October 2022) (Unaudited) | Corresponding Previous Year Quarter ending on Poush 30 2078 BS (14th Jan 2022) (Unudited) |
|---|---|---|---|
| **ASSET** | | | |
| **Non-Current Asset** | | | |
| (a) Fixed Asset | | | |
| (i) Property, Plant and Equipment | 2,997,426,835 | 3,001,697,037 | 3,050,926,807 |
| (ii) Intangible Asset | 4,362,260 | 4,563,950 | 4,377,110 |
| (iiI) Capital Work in Progress | - | 8,821,005 | 19,827,861 |
| (iv) Right of Use of Asset | 46,690,605 | - | - |
| (b) Long term Investment | 315,700,000 | 315,700,000 | 238,100,000 |
| Deferred tax asset | | 4,000,054 | 4,000,054 |
| **Total of Non- Current Asset** | **3,364,179,699** | **3,334,782,046** | **3,317,231,832** |
| **Current Assets** | | | |
| (a) Inventories | 43,718,359 | 43,931,581 | 35,033,954 |
| (b) Account Receivables | 23,504,325 | 24,159,205 | 23,428,789 |
| (c) Cash & Cash Equivalent | 81,564,602 | 39,040,027 | 75,295,459 |
| (d) Loans & Advances | 120,684,577 | 110,052,875 | 109,981,713 |
| (e) Other Current Assets | 16,725,958 | 33,824,259 | 68,306,378 |
| **Total of Current Asset** | **286,197,821** | **251,007,947** | **312,046,293** |
| **Total Asset** | **3,650,377,520** | **3,585,789,992** | **3,629,278,125** |
| **EQUITY & LIABILITIES** | | | |
| **Equity, Reserve and Surplus** | | | |
| (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,534,091,000 |
| (b) Reserve and Surplus | (342,949,192) | (381,328,633) | (425,820,586) |
| **Total Equity, Reserve and Surplus** | **1,191,141,808** | **1,152,762,367** | **1,108,270,414** |
| **Non- Current Liabilities** | | | |
| (a) Long-term borrowings | 2,308,044,282 | 2,336,552,949 | 2,395,312,949 |
| (b) Deferred Tax Liabilites | 9,912,329 | | |
| (c ) Lease Liability | 46,690,605 | | |
| **Total of Non-Current Liabilities** | **2,364,647,216** | **2,336,552,949** | **2,395,312,949** |
| **Current Liabilities** | | | |
| (a) Duties & Taxes | 3,227,042 | 3,305,977 | 3,659,932 |
| (b) Account payable | 26,994,872 | 22,674,437 | 20,918,034 |
| (c) Other Current Liabilities | 64,366,583 | 70,494,263 | 101,116,796 |
| **Total of Current Liabilities** | **94,588,497** | **96,474,677** | **125,694,762** |
| **Total Equity and Liabilities** | **3,650,377,520** | **3,585,789,992** | **3,629,278,125** |

**Statement of Profit & Loss for the period ended on Poush 30, 2079 BS (14th January 2023)**

| Particulars | Upto this Quarter ending on Poush 30 2079 BS (14th Jan 2023) (Unaudited) | Upto previous Quarter ending on Ashwin 31 2079 BS (17th October 2022) (Unaudited) | Corresponding Previous Year Quarter ending on Poush 30 2078 BS (14th Jan 2022) (Unudited) |
|---|---|---|---|
| Revenue from Operation | 408,258,050 | 186,422,225 | 289,277,761 |
| Cost of sales | 50,418,987 | 23,156,736 | 52,316,011 |
| **Gross Income** | **357,839,063** | **163,265,489** | **236,961,749** |
| Other Income | 4,280,283 | 807,079 | 1,784,619 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 59,237,668 | 30,264,534 | 41,182,319 |
| Administrative and Other Expenses | 50,924,420 | 18,269,864 | 38,106,721 |
| **Total Expenses** | **110,162,088** | **48,534,398** | **79,289,040** |
| **Profit Before Interest, Depreciation and Tax** | **251,957,258** | **115,538,170** | **159,457,329** |
| Finance costs | 134,566,225 | 68,639,316 | 96,284,993 |
| **Profit Before Depreciation and Tax** | **117,391,033** | **46,898,854** | **63,172,335** |
| Depreciation and Amortization Expenses | 65,903,918 | 33,791,180 | 68,979,167 |
| **Profit before extra ordinary items and taxes** | **51,487,115** | **13,107,674** | **(5,806,831)** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax | | | |
| **Profit (Loss) for the period from continuing operations** | **51,487,115** | **13,107,674** | **(5,806,831)** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| **Profit/(Loss) for the period** | **51,487,115** | **13,107,674** | **(5,806,831)** |
| Earning per equity share: | | | |
| Basic Earning per share | 3.36 | 0.85 | (0.38) |
| Diluted Earning per share | 3.36 | 0.85 | (0.38) |